# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५४) काठमाडौं,पुस२६गते२०६१साल(अतिरिक्ताङ्क४२(क+३


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

### राष्ट्र ऋण (पहिलो संशोधन) नियमावली, २०६१

राष्ट्र ऋण नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राष्ट्र ऋण (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण नियमावली, २०५९ को नियम ५ मा संशोधनः राष्ट्र ऋण नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (३) मा रहेका "पैंतालीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल नियमावलीमा नियम ८क. थपः मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८क. छुट्टै खातामा रकम जम्मा गर्नेः (१) ऐनको दफा १० बमोजिमको कार्यविधि पूरा गर्दा पनि कुनै धनीले ऋणपत्रको साँवा ब्याज भुक्तानी लिन नआएमा बैङ्कले त्यस्तो साँवा ब्याज रकम एउटा छुट्टै खाता खोली जम्मा गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खातामा जम्मा भएको आफ्नो रकम भुक्तानी लिन सबुद सहित सम्बन्धित धनीले बैङ्क समक्ष निवेदन गरेमा बैङ्कले सो रकम निजलाई भुक्तानी गर्नु पर्ने छ ।"

४. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,–

(१) उपनियम (१) मा रहेका "सो ऋणपत्र जुन कार्यालयमा दर्ता भएको हो सोही कार्यालयमार्फत सम्बन्धित धनीले देहायबमोजिमको विवरण खुलाई प्रति ऋणपत्रको प्रमाणपत्रको प्रतिलिपि वापत लाग्ने एकसय रूपैयाँ दस्तुर सहित विभागमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित धनीले सिधै विभागमा वा काठमाडौं उपत्यकाबाहिरका बैङ्कको कार्यालयमार्फत विभागमा देहायको विवरण खुलाई प्रति ऋणपत्रको प्रमाणपत्रको प्रतिलिपि वापत एकसय रूपैयाँ दस्तुर सहित" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "विभागले" भन्ने शब्दपछि "प्रत्येक तीन महिनामा एकपटक सो अवधिभित्र परेका सबै निवेदन समावेश गरी" भन्ने शब्दहरू थप गरी सोही उपनियममा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर कुनै धनीले सूचना प्रकाशन गर्दा लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्न मन्जूर गरेमा बैंकले तीन महीना अगाडि पनि सूचना प्रकाशन गर्न सक्नेछ ।"

(३) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन्ः–

"(२क) उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्न प्रयोजनको लागि धनीले देहायबमोजिमको रकम बैंकमा बुझाउनु पर्नेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बीस हजार रूपैयाँसम्मको ऋणपत्रको लागि एकसय रूपैयाँ,

(ख) बीस हजार रूपैयाँभन्दा माथि पचास हजार रूपैयाँसम्मको ऋणपत्रको लागि एक हजार रूपैयाँ,

(ग) पचास हजार रूपैयाँभन्दा माथि एक लाख रूपैयाँसम्मको ऋणपत्रको लागि दुई हजार रूपैयाँ,

(घ) एक लाख रूपैयाँभन्दा माथि पाँच लाख रूपैयाँसम्मको ऋणपत्रको लागि चार हजार रूपैयाँ,

(ङ) पाँच लाख रूपैयाँदेखि माथि जतिसुकै रूपैयाँको ऋणपत्र भए तापनि पन्ध्र हजार रूपैयाँ ।

(२ख) उपनियम (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्न लाग्ने सम्पूर्ण खर्च धनीले व्यहोर्ने भएमा निजले उपनियम (२क) बमोजिम लाग्ने रकम बैंकमा बुझाउनु पर्ने छैन ।"

५. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को अन्त्यमा "त्यसरी निवेदन दिने व्यक्तिलाई स्ट्रक प्रमाणपत्र मात्र उपलब्ध गराईनेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220